मिति २०७९/१०/२२ गते काठमाडौं उपत्यकाका विभिन्न कृषि ब्यवसायमा आवद्ध किसानहरुले आफ्ना समस्याहरुलाई मागको रुपमा अगाडि सारी आफ्ना उत्पादन तथा पशुपन्छी प्रदर्शन गरी आन्दोलित भैरहेको अवस्थामा राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालज्यू आन्दोलनरत किसानहरु समक्ष आन्दोलन स्थल, सितापाईला चोकमा स्वयं उपस्थित भई किसानबाट ज्ञापन पत्र बुझी, सोही ज्ञापन पत्रमा उल्लेखित मागहरुका सम्बन्धमा मिति २०७९/१०/२३ गते राष्ट्रिय किसान आयोग, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रतिनिधि र किसान संघर्ष समिति बीच किसानका मुद्दाहरु उपर छलफल तथा अन्तरक्रियाबाट प्राप्त निष्कर्षहरु निम्न अनुसार गर्न गराउन विभिन्न निकायहरुमा कार्यान्वयनको लागि सिफारिस गरिएको छ ।

मिति २०७९/१०/२२ गते उपत्यका विभिन्न कृषि ब्यवसायमा आवद्ध किसानहरुले आफ्नासमस्याहरुलाई विभिन्न मागको रुपमा अगाडि सारी आफ्ना उत्पादन तथा पशुपंछी प्रदर्शन गरी आन्दोलित भैरहेको अवस्थामा राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालज्यू आन्दोलनरत किसानहरु समक्ष आन्दोलन स्थल, सितापाइला चोकमा स्वयं उपस्थित भई आन्दोलनरत किसानबाट ज्ञापन पत्र बुझी, सोही ज्ञापन पत्रमा उल्लेखित मागहरुका सम्बन्धमा मिति २०७९/१०/२३ गते राष्ट्रिय किसान आयोग, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका प्रतिनीधि र किसान संघर्ष समिति विच किसानका मुद्दाहरु उपर छलफल तथा अन्तरक्रिया बाट प्राप्त निष्कर्षहरु निम्न अनुसार गर्न गराउन विभिन्न निकायहरुमा कार्यान्वयनको लागि सिफारिस गरिन्छ ।

१. कृषि तथा पशुपंक्षी उत्पादनको सरकारबाट मूल्य निर्धारण गरी क्रमश: लागु गर्दै जाने । मूल्य निर्धारण प्रक्रियामा किसान प्रतिनीधिको सहभागिता गराई कृषि तथा पशुपंक्षी उत्पादनको मूल्य निर्धारण गर्ने । कृषि बजारमा किसानहरुको पहुँचको लागि संचालनमा आएका प्रमुख फलफूल तथा तरकारी एवं पशुपन्छी बजारमा उत्पादित वस्तु बिक्री वितरण गर्ने स्टल उपलब्ध हुने ब्यवस्था गरिनु पर्ने ।
२. राज्यका कृषि सम्बन्धी नीति निर्माण गरिने तहमा उत्पादक किसानको प्रतिनिधित्व सुनिश्चित गर्ने ।
३. किसान सूचिकरण र वर्गिकरणको कार्यलाई तिब्रता दिदै किसान परिचय पत्रको ब्यवथा गरीनु पर्ने ।
४. किसानले कृषि तथा पशुपन्छी उत्पादनको लागि कच्चा पदार्थ ढुवानी गर्दा विना रोकतोक ओसारपसारको ब्यवस्था गर्ने ।
५. कृषक एवं कृषिजन्य उत्पादनको बीमा भुक्तानी प्रक्रिया सहज एवं छिटो छरितो हुनु पर्ने ।
६. भूमि बैंकलाई प्रभावकारी ढंगले संचालन गरी किसानहरुलाई करार खेती गर्न प्रोत्साहन गर्ने ।

७. कृषि व्यवसाय प्रवर्द्धनका लागि लिइने कर्जाको ब्याज र किस्ताको अवधि बढाई त्यस्तो कर्जाको कृषि तथा पशुपंक्षी उत्पादन हुने बाली, वस्तु एवं प्रकृतिको आधारमा निर्धारण गरिनु पर्ने ।

८. गुणस्तरीय कृषि उत्पादन सामाग्रीहरुको सहज आपूर्ति ब्यवस्था गरिनु पर्ने ।

९. नेपाल सरकारबाट स्वीकृत भएका भू-उपयोग नीति, ऐन र नियमावलीको प्रभावकारी कार्यान्वयन गरी जमीन खण्डिकरण तत्काल रोक्नु पर्ने।

१०. कृषि योग्य जमिनको वर्गिकरण गरी खेती योग्य जमिनको संरक्षण गर्ने ।

(महासचिव)
प्रेम बहादुर विष्ट
सदस्य: गोविन्द थापा
किसान संघर्ष समिति

(नि. सदस्य सचिव)
दुर्गा प्रसाद पण्डित
राष्ट्रिय किसान आयोग

(सह सचिव)
सूर्य प्रसाद पौडेल
पशु सेवा विभाग









